आदरणीय सदस्य महानुभाव ज्यूहरु

यस युवा बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय बीसौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यू, अतिथि ज्यू, विभिन्न सहकारी संस्थाका पदाधिकारी ज्यू, पत्रकार मित्रहरु, साकोसका सम्पूर्ण सदस्यहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने शुभचिन्तक महानुभावहरु तथा आमन्त्रित गन्यमान्य महानुभावहरुमा यस संस्थाको अध्यक्षको हैसियतले तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत सहितको सहकारी अभिवादन टक्रयाउँछु । हरेक वर्ष एक पटक सबै सदस्यहरु एकै स्थानमा भेला भई सहकारीको भइरहेको अवस्थाको विश्लेषण गरी सहकारीको प्रगति, उन्नति आर्थिक अवस्था आय व्यय नाफा, नोक्सान आदिको मूल्याँकन गरी सहकारीको आगामी कार्यक्रमहरुलाई अगाडि बढाउन सल्लाह, सुझाव प्रतिक्रियाको छलफल हुनु पर्दछ भन्ने कुरालाई ध्यानमा राखी सहकारी ऐन २०४८ हुँदै सहकारी ऐन २०७४ ले समेत साधारण सभाको सिद्धान्तलाई प्रतिपादन गरेको छ । यसै सिद्धान्तलाई मध्यनजर राख्दै आजको बीसौं साधारण सभा मनाइरहेका छौं ।

देश विकास एवं आर्थिक सम्बृद्धिसँगै वित्तीय सेवा र पहुँचको लागि सहकारीको महत्व बढ्दै गएको अवस्थामा हालको संरचना अनुसार केन्द्रीय तह, प्रादेशिक तह, स्थानीय तहमा रहेका सहकारीहरुलाई ऐन, नीति नियमभित्र कानुनत नियमन, व्यवस्थापन गर्ने सहकारी नीति अनुरुप यस संस्थालाई थप व्यवस्थित र मर्यादित बनाउँदै लैजानको लागि हाम्रो सहकारीको उद्देश्य अनुरुप समाजमा छरिएर रहेको पुँजीलाई एकत्रित गर्दै व्यवसाय तथा उत्पादनशील कार्यका लागि लगानी गरी आर्थिक सामाजिक तथा साँस्कृतिक विकासमा सहकारीताको मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी अगाडि बढेको अवस्थालाई समय सापेक्षिक रुपमा सदस्यहरुको जीवनस्तर उकास्न रोजगारिताका आधारमा परिवर्तित केन्द्रीत व्यवसायलाई दृष्टिगत गर्दै सोही अनुरुप वित्तिय सेवाका कार्यहरु अगाडि बढाइरहेको अवगत गराउँदछु । साथै सहकारी सबल सञ्चालन प्रणालीको निम्ति अपरिहार्यतामा रहेको कुशल नेतृत्वदायी भूमिका र परिचालन प्रजातान्त्रिक नियन्त्रणका साथै समस्त पक्षको पारदर्शिता सम्बन्धी नीति, कार्यपद्धति, अबलम्बन गर्दै सोही अनुरुप सहकारी अगाडि बढिरहेको स्पष्टता समेत गराउँदछु ।

स्वस्थ रुपमा सहकारी संस्था सञ्चालनका दौरानमा आउन सक्ने हौवाबाजीहरुमा विविध किसिमका सदस्यहरु मध्ये केही सदस्यहरु सहकारीका नीति, ऐन, विनियम, निर्देशिका अनुसार सेवा माग भन्दा व्यक्ति अनुकूलका चाहना बमोजिमका सेवा माग गर्ने, दुस्साहासवादी हुने, व्यक्तिगत फाइदा/स्वार्थपूर्तिका कार्य गर्न खोज्ने, विना लगानी हिस्साको चाहना गर्ने र गलत प्रचारबाजी गरी सञ्चालनमा निरुत्साहिता सिर्जना गर्ने सक्ने परिपाटीको अवस्थाबाट सजग सहन संस्था विकास, सदस्य सेवा, आर्थिक, सामाजिक रुपान्तरण वा सदस्य हितको लागि सम्बद्ध सबैले व्यक्तिगत स्वार्थ त्यागी '**संस्था** अनि **म**, संस्था आफ्नै हो' भन्ने भावनाले ओतप्रोत भई सदस्यहरुको हित सर्वोपरी राखी सक्रिय कार्य पद्धतिमा लाग्ने र संस्था सञ्चालनका चरणमा भएका/देखिएका कमी कमजोरीहरुमा स्वस्थ ढंगले समस्या समाधान गर्न तर्फ विकल्पसहितका आलोचना, स्व मूल्यांकन र समीक्षा गर्ने बानीको विकासका साथ अगाडि बढेमा संस्था सदैव जीवन्त रहने र यसले सही सेवा प्रदान र ग्रहण गरी सम्पन्न रोजगारीमूलक समाजको परिकल्पना साकार पार्न सकिने कुरामा विश्वस्त रहन सकिन्छ । सहकारी मूल्य, मान्यता, सिद्धान्तभित्र रहेका सैद्धान्तिक कार्य प्रणाली/अवधारणाहरुलाई समयसापेक्षिक व्यवहारमा सही परिचालन गर्नको लागि सहकारी क्षेत्रमा/संस्थामा भए गरेका तथा हुने अस्वस्थ क्रियाकलापप्रति सम्बद्ध सबै पक्ष सचेत/जागरुक भइ सफल उदाहरणीय सहकारी क्षेत्र प्रतिस्थापनमा निरन्तर ध्यान केन्द्रित गर्नु आजको ज्वलन्त आवश्यकता हो ।

संस्थाका आफ्ना स्रोत साधन, सीप ज्ञान, अनुभव, योगदान, दक्षता क्षमताका सु-सुचीत ढंगले परिचालन गरी लक्ष्य अनुसारको प्रगति मुल्यांकन गर्दै संस्थाका चुनौतीहरुलाई पनि आत्मसात गर्दैसदस्यहरुको विश्वासपूर्ण सहभागिता र अपनत्व भावको व्यवहारबाट मात्र संस्थाको सफलता सुनिश्चित भएकोले सदस्यहरुलाई संस्थाको कार्य पद्धति, कारोबारको पारदर्शिता गराउँदै कुशलतापूर्वक व्यवसायिक योजना निर्माणको लागि असल योजना आधा

कार्यसम्पादन भएकोले सदस्यहरुको वचत तथा संस्थाले गर्ने लगानीलाई सुरक्षित, व्यवस्थित , उपलब्धीमूलक बनाइराख्न व्यवसायिक योजना निर्माणमा पूर्व अनुभव र अभ्यास, आफ्ना सवल पक्ष र कमजोरी, उपलब्ध अवसर र चुनौती, सम्भाव्य बजार र प्रतिस्पर्धी आदिको विश्लेषण गर्दै यथास्थितिको राम्ररी मूल्यांकन गरिएको र रणनीतिक योजना बनाइ सेवा सञ्चालन गरिएको जसले व्यवसायलाई जोखिम कम गर्न र त्यसका विरुद्ध संस्थालाई वैकल्पिक उपाय अप्नाउन बाटो देखाइ लक्ष्य प्राप्त गर्न सहजता मिलेको जानकारी समेत गराउँदछु। सामाजिक उत्तरदायित्वप्रति साकोसको भूमिकालाई ख्याल गर्दै सामाजिक कार्यक्रममा हातेमालो गरिरहेको साथै जेष्ठ सदस्यहरुप्रतिको सम्मान स्वरुप जेष्ठ सदस्य सहारा योजना मार्फत उच्चतम प्रतिफल प्रदान गर्नुका साथै सदस्यहरुलाई आत्मनिर्भर तथा स्वरोजगारको लागि युवा लक्षित सीपमूलक तालिम, व्यवसायिक तालिम सञ्चालन गरेको , विद्यार्थीहरुको अध्ययनलाई निरन्तरता दिन, निखारता ल्याउन, दरिलो बनाउन र प्रोत्सहान गर्नको निम्ति छात्रवृत्ति उपलब्ध गराइ अझ बढी प्रभावकारी रुपमा सदस्य र साकोसको सम्बन्ध प्रगाढ बनाइरहनुका साथै नेपाल सरकारको बेरोजगारहरुलाई स्व-रोजगार बनाउने उद्देश्यमा हातेमालो गदै यस युवा साकोसले युवा तथा साना ब्यबसायी स्वरोजगार कर्जा मार्फत पनि नेपाल सरकार संग समन्वयकारी भूमिका निर्वाह गरेको जानकारी गराउँदछु।

संस्थाले उपलब्ध गराएका गुणस्तरीय सेवाका साथै वित्तीय परिचालन, सामाजिक उत्तरदायित्वसँगै उल्लेखनीय कार्य प्रगतिको आधारमा स्थानियदेखि जिल्ला तहमा प्रशंसा , सम्मान तथा पुरस्कार प्राप्त गर्न सफल भई संस्थाको छवी उच्च हुन गई संस्था र सदस्यहरुको गौरव र प्रतिष्ठा बढ्न गएको छ । संस्थाले प्राप्त गरेको पुरस्कार र सम्मानलाई निरन्तरता र स्थायित्व प्रदान गरी संस्थाको साखलाई अझ उच्च कायम राख्न र सदस्यको चाहना र आवश्यकतालाई समय अनुकूल पूरा गर्न जरुरी छ साथै सहकारी संस्थाहरुले मध्यम तथा न्यून आय भएका सदस्यहरुको जीवनस्तर उकासी वचत तथा व्यवसायमा सुधार ल्याई सन्ततिकालागि उज्वल भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको यथार्थतालाई आत्मसात् गर्दै प्रतिस्पर्धात्मक प्रभावकारी भूमिकाद्वारा संस्थाको गरिमा बढाउनु पनि त्यत्तिकै चुनौतीपूर्ण छ । सबैले आ आफ्नो तहबाट निरन्तर योगदान र सहयोग गर्न सम्पूर्ण सदस्यहरुलाई आग्रह समेत गर्दछु।

सहकारी संस्थाले सदस्य सेवा अन्तर्गत वित्तीय सेवाको कार्य गर्ने सिलसिलामा सूचना सम्प्रेषण, सदस्यहरुको कारोवारको विवरण सुसूचित हुने एस.एम.एस प्रणालीको सुरुवात गर्नुका साथै ८ ओटा रेमिट्यान्स सेवा उपलब्ध गराइरहेको र आगामी दिनमा सूचना सम्प्रेषणका आधुनिक प्रविधिसमेत स्वीकार्दै अगाडि बढ्ने जानकारी गराउँदछु।

संस्थाको र नेतृत्वकर्मीको भूमिकाको स्थिति विश्लेषण गर्दै योजना निर्माण , प्रक्षेपण र कार्यान्वयन अनि मूल्यांकन सँगै पल्स पद्धति अंगिकार गरेकोले सहकारी सञ्चालनको कार्य पद्धतिप्रति सफलता हासिल गर्नुका साथै सहकारीलाई दिगो स्थायित्व एवं विश्वसनियता तर्फ अगाडि बढाउन मद्दत पुगेको छ । संस्थाले सदस्यको हित, संस्थाको कार्यशैली मजबुत, पारदर्शिता, उद्देश्य र कार्यक्रम बीच समन्वय, आर्थिक अनुसन्धान, व्यवस्थापकीय क्षमता विस्तार, नेतृत्व विकासमा सक्षमताका साथै आवश्यकीय विषयमा ध्यान पुऱ्याउँदै यसका लागि आवश्यकताको पहिचान सहित तह, क्षेत्र, वर्ग, पेसा, व्यवसाय आदिको स्तरोन्नति गर्दै सदस्यहरुको जीवनस्तर उकास्ने उद्देश्य अनुरुप सहकारीले गरेका आफ्ना सेवालाई आगामी दिनमा परिमार्जित सहित जीवनस्तर उकास्न सदस्यहरुलाई सक्षम बनाउने खालका सेवा विस्तार गर्ने पनि जानकारी समेत गराउँदछु।

सहकारीले उपलब्ध गराइरहेको सेवालाई चुस्त, दुरुस्त एवं सुरक्षित बनाउनको निम्ति कार्यालय सुदृढिकरण , उचित व्यवस्थापन गरी आधुनिक रुपमा भौतिक साधन स्रोत सम्पन्न गरी स्तरीय सेवा प्रदान गर्न समय सापेक्ष भौतिक संरचनाको उचित व्यवस्थापन गर्दै आधुनिक प्रविधिको अधिकतम प्रयोग गरेर गुणस्तरीय सेवा प्रदान गर्दै अगाडि बढिरहेको साथै आवश्यकता अनुसार नीति नियम परिमार्जन एवं पुनरलेखन गर्दै प्रतिस्पर्धात्मक वित्तीय बजारमा सहकारीलाई सामेल गराउन मानव संशासनको उचित व्यवस्थापन र परिचालन गर्न विषयगत तालिम,

प्रशिक्षण कार्यक्रम सञ्चालन, अध्ययन अवलोकन भ्रमण, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरेर दक्ष सक्षम बनाइ कर्मचारीलाई जिम्मेवारी र जवाफदेहिताको वोध गराइ कुशल एवं प्रभावकारी प्रशासनको व्यवस्थापन गर्नकोनिम्ति योजना निर्माणसहित कार्यान्वयन तालिका अनुरुप कार्य सञ्चालन गरेको जानकारी गराउँदछु।

संस्था संचालनको नेतृत्वदायी भूमिकामा रहेको संचालक समितिको कार्यकौशलता, अग्रसरता सक्षमता र सक्रियतालाई सही परिचालन गर्दै संचालनको शिलशिलामा आई परेका चुनौती अप्ठ्याराहरु हटाई सहजताका साथ सुल्झाउदै सफल सहकारीको रुपमा उभ्याउन सम्पूर्ण सदस्यहरुले देखाउनु भएको विश्वास, सद्भाव र अपनत्वलाई आत्मसात् गरी संस्था सदस्यहको हित र उन्नतिका लागि इमान्दारी र कर्तव्यनिष्ठ साथ सञ्चालक समिति सदैव समर्पित भई अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु ।

सत्रौं वार्षिक साधारण सभाको बहुमतको उपस्थितिमा भएको निर्वाचनबाट मेरो नेतृत्वको संचालक समितिको टोलीलाई निर्वाचित गरी संस्थालाई सही सञ्चालनको जिम्मेवारी दिनु भई बीसौं वार्षिक साधारण सभा एवं आजको अवस्थासम्म ल्याउन सहयोग गर्नु हुने समस्त शेयर सदस्य तथा प्रत्यक्ष एवं अप्रत्यक्ष संस्थासँग सम्बन्धित रहेका समस्त महानुभावहरुलाई धन्यवाद दिन चाहान्छु । विश्वास छ । आउँदो २७ गते हुन गइरहेको बीसौं वार्षिक साधारण सभामा पनि यहाँहरुले विगतका वर्षहरुमा झैं सकारात्मक सोच र चिन्तनका साथ उचित मार्गनिर्देशन गर्ने कार्यमा सही सल्लाह, सुझावकासाथ सक्रिय सहभागिता जनाउनु हुने नै छ । यस संस्थाको आगामी नयाँ कार्य समिति एवं लेखा समितिको निर्वाचन समेत सहमति र सहकार्यसँगै सौहार्दपूर्ण वातावरणमा सम्पन्न होस् भन्ने शुभकामना समेत व्यक्त गर्दछु ।

अन्तमाः नजिकिदै गरेको २०७५ सालको शुभ विजयादशमी, शुभ दीपावली , ल्होसार तथा नेपाल संम्वत ११३९ एव. छठ पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । जय सहकारी

प्रल्हाद बास्तोला

अध्यक्ष